प्रणयन वर्ष २५, अङ्क ७, २०८१
ISSN (Print) : 2505-0818
Submitted Date : October 10, 2024
Accpted Date : January 15, 2025
त्रि.वि. प्राध्यापक सङ्घ, क्याम्पस एकाइ समिति,
तेह्रथुम बहुमुखी क्याम्पस, आठराई, चुहानडाँडा

# आठराई गाउँपालिका भित्रका जातीय संस्कृति

**धर्मराज गौतम***

**सार**

नेपाल बहुभाषी, बहुजाति र बहुसंस्कृतिको साझा फूलबारी हो । सबै जातजातिले आआफ्नो भाषा र संस्कार मान्ने छुट नेपालको कानुनले स्पष्ट किटान गरेको छ । तेह्रथुमका दुई नगरपालिका र चार गाउँपालिकामध्ये आठराई गाउँपालिका पनि एक हो । लिम्बू जातिको बाहुल्य रहेको आठराई गाउँपालिकामा अन्य जातिका मानिसको पनि बसोबास रहेको छ । यस लेखमा आठराई गाउँपालिकाभित्र बसोबास गर्ने मुख्य जातिका प्रमुख संस्कृतिको चिनारी गराउने प्रयास गरिएको छ । यस लेखमार्फत् हाम्रा पितापुर्खाहरूले प्रचलनमा ल्याएका संस्कारहरूमध्ये आठराई गाउँपालिकामा के कस्ता संस्कार र सँस्कृति जीवित छन् ? ती संस्कृति कुन कुन जातिले कसरी अनुसरण गरेका छन् ? यसलाई संरक्षण गर्न के गर्नुपर्दछ ? जस्ता समस्यामा केन्द्रीत रही प्रस्तुत आलेखमा क्षेत्रीय अध्ययन पद्धतिलाई सामग्री सङ्कलन्को मुख्य स्रोत बनाइएको छ । आठराईका लोकसाहित्य र संस्कृतिका जानिफकार व्यक्तिहरूसँग प्रत्यक्ष भेट गरी तथ्य सामग्री सङ्कलन गर्नुका साथै पुस्तकालयीय अध्ययनलाई पनि सामग्री सङ्कलनको आधार बनाइएको छ । आठराई गाउँपालिकाका भित्रका विभिन्न जातजातिका प्राचीन संस्कृति पनि पाश्चात्य संस्कृतिको प्रभाव अनि हालका युवा युवतीहरूको अङ्ग्रेजी वा अन्य भाषामा अध्ययन गर्नुपर्ने बाध्यताका कारण यहाँको आफ्नो संस्कृति लोप हुने अवस्थामा रहेको छ । हाम्रा संस्कृति हाम्रा सम्पत्ति भएका कारणले यी संस्कृति जोगाउन स्थानीय पाठ्यक्रममा यी संस्कार संस्कृतिसँग सम्बन्धित पाठ्यविषयलाई सैद्धान्तिक र व्यवहारिक (प्रयोगात्मक) अनिवार्य वनाउन आवश्यक देखिन्छ ।

***शब्द कुञ्जी :*** लोपोन्मुख, बाहुल्याता, संस्कार, हृद्यस्पर्शी, समुदाय

## १. विषय परिचय

नेपाल राज्यका ७ प्रदेशहरूमध्ये कोशी प्रदेशमा अवस्थित १४ जिल्लामध्ये तेह्रथुम पनि एक हो । ६७९ वर्ग किमी. क्षेत्रफल रहेको यस जिल्लाको कूल जनसङ्ख्या ८८७३१ -केन्द्रीय तथ्याङ्क विभाग

* शिक्षण सहायक, तेहथुम बहुमुखी क्याम्पस, आठराई ६, तेहथुम, gautamdharma09@gmail.com

२०७८) रहेको छ । विभिन्न जातजातिको बसोबास रहेको यस जिल्लामा दुई नगरपालिका -म्याङलुङ र लालीगुँरास ) तथा चार गाउँपालिका, आठराई, फेदाप, मेन्छेयायम र छथर रहेका छन् ।

भौगोलिक दृष्टिले मध्यपहाडमा अवस्थित तेह्रथुम जिल्लाका चारओटा गाउँपालिकामध्ये आठराई गाउँपालिका पनि एक हो । १६७.०७ वर्ग किलोमिटरमा फैलिएको आठराई गाउँपालिका पूर्वमा तमोर नदी, पश्चिममा कोयाखोला, उत्तरमा ताप्लेजुङ्को आठराई त्रिवेणी गाउँपालिका र दक्षिणमा तमोर नदीको चौघेरामा अवस्थित छ । समुद्र सतहबाट ३४५ मिटरदेखि ३९९८ मिटरसम्मको उचाइमा रहेको यस गाउँपालिकाको कार्यालय संक्रान्तिबजार समुद्र सतहबाट करिब १८६७ मि. उचाइमा अवस्थित छ । यो क्षेत्र ८७°२५ डिग्रीदेखि ८७°४०° पूर्वी देशान्तर र २६ २६ डिग्री अक्षांशभित्र पर्दछ । यस क्षेत्रको तापक्रम न्यूनतम १५ डिग्री सेन्टिग्रेडदेखि अधिकतम २८ डिग्री सेन्टिग्रेडसम्म रहेको छ भने अधिकतम वर्षा १२५१ मि.मि. रहेको छ । आठराई गाउँपालिकाभित्र हाल साविकका ह्वाकु, खाम्लालुङ् थोक्लुङ, संक्रान्तिबजार, चुहानडाँडा, छातेढुंङ्गा र इवा गा.वि.सं.हरू गाभिएका छन् । आठराई गाउँपालिकाका ७ ओटा वडा र फेदाप गाउँपालिकाका दुई ओटा वडा इसिबु र सम्दु गरी ९ ओटा साविक गा.वि.सं.हरूलाई सेवा दिने गरी इलाका प्रशासन कार्यालय खोलिएको र यसको केन्द्र संक्रान्तिबजार रहेको छ । विभिन्न जातजातिको बसोबास रहेको यस आठराई गाउँपालिकाको कुल जनसङ्ख्या १८१५६ महिला ९२०० र पुरूष ८९५६( केन्द्रीय तथ्याङ्क विभाग, २०७८) रहेको छ । आठराई गाउँपालिकाभित्र ब्राह्मण, क्षेत्री, लिम्बू, राई, दमाई, कामी, भुजेल, खवास, गुरूङ् माझी, शेर्पा, याख्या नेवार, मगर, तामाङ्ग आदि जातजातिको बसोबास रहेको छ । यस गाउँपालिकामा जनसङ्ख्याका हिसावले सबैभन्दा बढी जनसङ्ख्या भएको जाति लिम्बू हो । जसको जनसङ्ख्या आठराई गाउँपालिकामा ६८०६ रहेको छ भने सबैभन्दा कम जनसङ्ख्या भएको जात सन्यासी, दशनामी हो जसको सङ्ख्या जम्मा ८० मात्र रहेको छ ।

यसका अतिरिक्त यस गाउँपालिकामा बस्ने जातजातिको सङ्ख्या हेर्दा क्षेत्री २३४७, ब्राह्मण (पहाडी) ६२८, तामाङ्ग २४१५, नेवार ५०३, कामी १४३०, राई ४३०, गुरूङ्ग ७०७ धामी ढोले ७९४, सार्की ३८८ शेर्पा २०२ जना, घर्ती भुजेल ३०९ जना, खवास ३१ ज्ना, माझी १७७ जना, याख्या ९० जना, अन्य ६० रहेका छन् (केन्द्रीय तथ्याङ्क विभाग,२०६८) । यसरी विविध जातजातिको बासस्थान रहेको आठराई गाउँपालिकामा बस्ने हरेक जात जातिको आ–आफ्नै संस्कृति रहेको पाइन्छ । धार्मिक दृष्टिबाट हेर्दा हिन्दू, बौद्ध र किराँत धर्म मान्ने व्यक्तिहरूको बसोबास रहेको देखिन्छ । आठराई गाउँपालिका भित्र बसोबास गर्ने अल्पसत्यक जातिका संस्कृतिहरूभविष्यमा क्रमशः घट्दै र लोप हुदै जान सक्ने संभावना भएकाले त्यस्ता लोपोन्मुख संस्कृतिका विषयमा अन्वेषण हुनु वाञ्छनीय देखिन्छ । यसै सन्दर्भमा आठराइ गाउँपालिका भित्रका विभिन्न जातजातिका प्राचीन संस्कृति पनि पाश्चात्य संस्कृतिको प्रभाव अनि हालका युवायुवतीहरूको अङ्ग्रेजी वा अन्य भाषामा अध्ययन गर्नुपर्ने बाध्यताका कारण यहाँको आफ्नो संस्कृति लोप हुने अवस्थामा रहेको छ । यस सन्दर्भमा आठराई गाउँपालिका क्षेत्रभित्रका विविध संस्कृतिहरूको वास्तविक स्वरूपलाई चिनाउने उद्देश्यले प्रस्तुत लेख आएको हुनाले यसको महत्व अवश्य रहेको छ । एकातिर नेपालका विभिन्न लोक संस्कृतिहरूको अध्ययन अध्यापनका सन्दर्भमा प्रस्तुत अनुसन्धान कार्यबाट लोपोन्मुख संस्कृतिको अध्ययन सामाग्री तयार हुन सक्ने देखिन्छ भने अर्कोतिर नेपालको पूर्वी भु–भागमा मात्र बसोबास रहेको राई, लिम्बू जातिको साँस्कृतिक चिनारी र पूर्वी नेपालमा मात्र प्रचलित ब्राह्मण, क्षेत्री महिलाहरूको संगिनीको सांस्कृतिक परिचय दिइएको हुनाले यस विषयको अध्येतालाई थप

जानकारी दिने सामग्री बन्ने हुनाले यसको महत्व र औचित्य रहेको छ । यस लेख मार्फत् पूर्वी नेपालको तेहथुम जिल्ला भित्रको आठराई गाउँपालिकाको भौगोलिक अवस्था कस्तो छ ? यस गाउँपालिकाभित्र के कस्ता जातजातिको बसोबास रहेको छ र उनीहरूको संस्कृति कस्तो छ ? विभिन्न जात जातिको संस्कृतिको ऐतिहासिक पृष्ठभूमि के कस्तो छ आदि प्रश्नहरूको समाधान प्राप्त गर्ने दिशातिर नै प्रस्तुत विषय शीर्षकले सङ्केत गर्न खोजेको छ । इसका साथै आठराई गाउँपालिका क्षेत्र भित्रका विभिन्न जातजातिको संस्कृतिका बारेमा ऐतिहासिक पृष्ठभूमि, साङ्गीतिक एवम् साँस्कृतिक पक्षका साथै यसका सकारात्मक पक्षका बारेमा प्रकाश पार्नु नै यस लेखको मुख्य उद्देश्य रहेको छ ।

## २. अध्ययन विधि

प्रस्तुत आलेखमा क्षेत्रीय अध्ययन पद्धतिलाई सामग्री सङ्कलन्को मुख्य स्रोत बनाइएको छ । आठराईका लोकसाहित्य र संस्कृतिका जानिफकार व्यक्तिहरूसँग प्रतक्ष्य भेट गरी तथ्य सामग्री सङ्कलन गरिएको छ । यसका साथै पुस्तकालयीय अध्ययनलाई पनि सामग्री सङ्कलनको आधार बनाइएको छ । सैद्धान्तिक र प्रायोगिक ढाँचाबाट सङ्कलित सामग्रीको विश्लेषण र मूल्याङ्कन गर्ने पद्धति अङ्गालिएको छ ।

## ३. व्याख्या विश्लेषण

### ३.१ आठराई गाउँपालिकाभित्रका जातीय संस्कृति

आठराई गाउँपालिकाभित्र विभिन्न जातजातिको बसोबास रहेको छ । यहाँका विभिन्न मानिसहरूले जात अनुसार आ –आफ्नो संस्कृतिलाई बचाइराख्न सक्षम देखिन्छ । मुख्य रूपमा लिम्बूहरूको बाहुल्यता रहेको भए तापनि अन्य जातिपनि उत्तिकै मात्रामा रहेका हुनाले विभिन्न जातजातिको साँस्कृतिक महत्वलाई उठाउने जमर्को गरेको छु । यस लेखमा ब्राह्मण क्षेत्रीको बालुन र सङ्गिनी, लिम्बूको धाननाच र च्याब्रुङनाच, राई जातिको चण्डीनाच, शेर्पा, मगर, गुरूङ र तामाङको ल्होसार पर्वको बारेमा सामान्य चर्चा गर्दै निष्कर्षमा पुग्ने प्रयास गरिएको छ ।

#### (३.१.१) ब्राह्मण क्षेत्रीको संस्कृतिः (बालुन र सङ्गिनी)

- **बालुन :** नेपाली बृहत शब्दकोशले विशेष धार्मिक पर्व आदिमा एक जनाले भट्याउने र सामूहिक रूपमा अरूले स्वर मिलाउँदै गाइने राम कृष्ण आदिको चरित्र गाथालाई बालुन भनेर चिनाएको छ । (प्रज्ञा शब्दकोश,२०७८) बालन शब्द बालबाट बनेको मानिन्छ । जसको सम्बन्ध बालकसँग रहेको हुने गर्दछ । बालन गीत, नृत्य ब्राह्मण समुदायमा प्रचलित छ । आठराई गाउँपालिकाभित्रका ब्राह्मण समुदायमा विशेष गरी घरमा कुनै धार्मिक र संस्कारगत कार्य पूरा गरेपछि रातको समयमा बालन गीत गाएर बालन नाच्ने परम्परा पहिले व्यापक रूपमा रहे तापनि हाल लोपोन्मुख अवस्थामा कहीँ कतै मात्र देख्न पाइन्छ । विशेषगरी बालन गीतमा कृष्ण या रामले अवतार लिएको कथात्मक गीत गाइन्छ । बालुन सुरू गर्दा सर्वप्रथम मङ्गलाचरण गाइ गुरू प्रार्थना गरिन्छ । त्यसपछि गुरूबाउले धुपसहित सीतारामको आराधना गर्न बालुनेहरूका निधारमा टीका लगाइदिन्छन् । हातमा खैँजडी, मजुरा र लोककाव्य लिई पिँढीको एक कुनामा भजिनिया मण्डली बसेको हुन्छ । बालुन खेल्न आठ आठ जनाको डफ्फा बनाइन्छ । खेलाडीहरू सफेद दौरा सुरूवाल र

पटुका बाँधी, शिरमा फेटा गुथी आँगनमा जम्मा हुन्छन् । बालुनका लागि आँगन नै मञ्च बन्छ । (पौडयाल, २०६७ पृ.७३) यस गीतमा नर्तक एकापट्टि र नर्तकी आमुन्ने सामुन्ने भएर सिधा रेखामा उभिन्छन् र सिधा रेखामा नै अघिपछि गर्दै गाउँदै नाच्दै गर्दछन् । हास्य कलाकार समेत राखी नाचिने बालन नृत्यमा नर्तकी र नर्तकले हातमा फूल लिने गर्दछन् । गायकहरूले लामो लेग्रो तानेर मन्द चालले गाउँछन् । यो नृत्य, ४, १६, ३२, ६४, १२८ पाइलेसम्म हुन्छ । नर्तकहरू चारैतिर घुमेर नाच्दा एक पाइला सार्दै भुँइलाई ढोग्दै अगाडि सदै नमस्कार गर्दै पछाडि हट्दै नाच्छन् । गिताङ्गेहरूले गीत गाइरहेका हुन्छन् । यसमा विशेषतः देवताको भजन नै मुख्य हुन्छ ( पौड्यल, २०६७ पृ. ७३) । बालन गीतमा एकजना भट्याउने र अरू त्यसैलाई सामूहिक रूपमा स्वर मिलाउँदै गाउँने गर्दछन् । बालन नृत्यमा मुख्य पात्र, खलनायक करतली, चाँप, बाँसुरी र हारमोनियम जस्ता बाजाहरूबजाउने परम्परा पाइन्छ । आज आएर यसमा पनि यदाकदा मादल र अन्य बाद्यवादन पनि बजाउन लागिएको देखिन्छ । बालनका लागि कुनै औपचारिक रङ्गमञ्च नहुने भएकाले घरआँगनमा नै नृत्य गर्ने परम्परा पाइन्छ । बालुनको मुख्य उदेश्य धार्मिक आस्था जगाउनुका साथै नैतिक चरित्रको निर्माण गर्नु हो ।

- **सङ्गिनी :** संङ्गी शब्दमा इनी प्रत्यय लागेर सङ्गिनी शब्दको निर्माण भएको छ । जसको शाब्दिक अर्थ स्त्री साथी या मित भन्ने हुन्छ । यस अर्थमा सङ्गी साथी मिली लयात्मक भाकामा गाउँदै हाँसो र आँसु पोख्ने लोक साहित्यको एउटा लय विशेष नै हो सङ्गिनी नृत्य । पूर्वी नेपालको क्षेत्री, ब्राह्मण समुदायमा प्रचलित एक प्रकारको नृत्य हो । सङ्गिनी गीत विशेष गरी विभिन्न पर्व, उत्सव र चाडवाडका अवसरमा गाइने र नाच्ने गरिन्छ । " लामो लेघ्रो तानेर मधुर र कारूणिक लयमा मार्मिक एवम् हृदयस्पर्शी ढङ्गले यसलाई अलापिन्छ । उसमा चेलीबेटीहरूको सरल सहज र दर्दमय मार्मिक भावनाको उद्गार व्यक्त हुन्छ । यो खास गरी महिलावर्गमा प्रचलित छ र थेगोको प्रयोगले स्वर चढाउन र प्रभावकारी पंङ्तीमा जोड दिई (दोहोऱ्याई) रस अनुसार वीर, करूण र शान्त रूपमा सङ्गिनी जब अलापिन्छ तब कठोर हृदयलाई पनि पगाल्न र धुरूधुरू रूवाउन सक्छ । "(पौड्याल, २०६७, पृ २८) विशेष गरी ढिकी जाँतो मेलापात र चाडपर्व या उत्सवका अवसरमा यो गीत गाउने चलन पाइन्छ । रामायण, महाभारत लगायतका गाथा अनि आफ्नै जीवन भोगाइका अनुभवलाई गाथामा रूपान्तरण गरी सामुहिक रूपमा सङ्गिनी गाइन्छ र नाचिन्छ । सङ्गिनीका लागि बेग्लै बाद्ययन्त्र र वेशभूषाको आवश्यकता नपरे पनि नेपाली महिलाको मौलिक पहिचान साडी, चोलो, पछ्यौरा लगाउनु पर्दछ । खास गरी सङ्गिनी विबाहित नारीहरूले बढी गाउने र नाच्ने गर्दछन् अनि उनीहरूले सङ्गिनी गीत मार्फत छोरीबाट बुहारी हुनुका पीडा, जन्मघर छोडेर पराईघरमा आउँदाका पीडा, सासु ससुराको दवाबको पीडा, माइत जान नपाएका पीडालाई गाथा बनाएर सङ्गिनी गाउने गर्दछन् । यसका साथै तीजको अवसरमा महिलाहरूले आफ्नो पतिको दीर्घायूको कामना गर्दै अनेक प्रकारका गरगहना र रातो रंङगको पहिरनमा सजिएर शिव पार्वतीको स्तुति गर्दै सङ्गिनी गीत, नृत्य नाँच्ने गाउँने गर्दछन् । सङ्गिनी गाउन, नाच्न बेग्लै पहिरनको आवश्यकता हुदैन भनेतापनि महिलाहरूले सट वा पेन्ट वा कुर्ता सुरूवाल लगाएर सङ्गिनी

नाच्न मनपराउँदैनन् । परम्परागत साडी चोलो नै लगाउँनपर्छ भन्ने धारणा बसेको कारणले सो पहिरनमा नै सङ्गिनी गाउँछन्, नाँच्छन् ।

## ३.२. लिम्बू संस्कृति (धाननाच र च्याब्रुङनाच)

- **धाननाच :** नेपाल विविध जातजाति र भाषाभाषीहरूको साथसाथै साँस्कृतिक विविधता युक्त देश हो । नेपालका सयौं जनजाति र भाषाभाषीहरूमध्ये लिम्बू जाति पनि एक हो । नेपालको पूर्वी भु–भागमा बसोबास गर्ने लिम्बू जातिको बसोबास आठराई गाउँपालिकामा पनि रहेको छ । लिम्बू संस्कृतिमा धाननाच, च्याबुङ्ग नाच, हाक्पारे, ख्याली जस्ता विविध लोकभाकाका गीत र नाचहरूको विविधता पाइन्छ । यिनीहरूमध्ये उधौली, उभौलीजस्ता चाड पर्व अनि मेलापात, हाटबजार र वैवाहिक कार्यक्रमहरूमा धाननाचको प्रचलन व्यापक रूपमा भएको पाइन्छ । लिम्बू जातिका विविध संस्कृतिमध्ये धाननाच पनि एक हो । लिम्बू भाषामा यसलाई याःराक्मा वा याःलाक्मा भनिन्छ जसको अर्थ भनेको नाच वा नाँच्नु हो । सृष्टिको सुरूवाती अवस्थामा धान पाक्दा दाइ गर्ने प्रचलन थिएन । दाउनी गर्दा पुरूष र महिलाहरू मिलेर धान पराल माड्ने जुन चलन छ । त्यसलाई धाननाच वा याःलाक्मा भन्दछन् । सुरूमा धानबाली जोगाउने उपाय स्वरूप निर्माण भएको धाननाच कलान्तरमा लिम्बू लोक जीवनको अभिन्न अङ्गका रूपमा विकसित भयो । "यसको सुरूवातको सम्बन्धमा प्राप्त एक किम्बदन्ती अनुसार अघि लिम्बूहरूले खेती गर्न जानेका रहेनछन् । पछि तिनले चराबाट अन्नको बिउ पाए भने खेती गर्न पनि तिनीहरूबाटै सिकेछन् । यसबापत तिनले चराहरूलाई अन्नबाली खाँदा धपाउन नपाउने सर्त राखेका रहेछन् । सर्तअनुसार चराले दिएको अन्नको बिउबाट खेती गरी अन्नबाली लटरम्म फलेछ तर चराहरू आएर सबै अन्न खान लागेछन् तसर्थ चरालाई धपाउन नपाउने हुनाले तिनीहरू धानखेतमा गएर नाचगान गरी बसेछन् । यसरी चराहरूबाट अन्नबाली पनि जोगिएछ भनिएको पाइन्छ । (पराजुली, २०६३ पृः १४५) । यसैबाट सुरूवात भएको धाननाच आज पनि उत्तिकै मात्रामा प्रचलनमा रहेको पाइन्छ ।

  सभ्यता र संस्कृतिको विकास सँगसँगै धाननाच लिम्बू युवायुवतीहरूको माया अभिव्यक्ति गर्ने, पिरती गाँस्ने माध्यमका रूपमा विकसित भयो । मानव विकासको चरणमा सिर्जित नैतिकता र आदर्श जस्ता पक्षका कारण लिम्बू पूर्वजहरूले यसलाई पवित्र सँस्कृतिको रूपमा विकास गर्दै रगत नाता नपर्ने युवायुवतीलेमात्र धान नाँच्ने परम्परा स्थापित गरे । एक केटा र एक केटीका दरले लहरै हात समातेर उभिने र गीत गाउँदै यो नाँच नाच्ने गरिन्छ । धान नाँचको मङ्गलाचरणमा "हामी नाच्न थालेका छौं, तसर्थ हाम्रा माइती मावली, र आफन्तहरू यहाँबाट हटिदिनुहोला भन्ने आशयको गीत गाएर सुरु गरिन्छ । धान नाचमार्फत युवायुवती बीच प्रेम प्रस्ताव गरिने अनि प्रेम अङ्कुरण हुने अवसर पाएका खण्डमा वैवाहिक जीवनमा बाधिने हुनाले धान नाचलाई लिम्बू समुदायको मूलबाटो वा माध्यमका रूपमा धान नाँचलाई लिन सकिन्छ ।

  **धाननाँच विशेषत :** विभिन्न मेला, बजार, चाडवाड, विवाहको अवसरमा आपसी सरसल्लाहअनुसार जुनसुकै ठाउँमा नाच्ने र गाउने गरिन्छ । धान नाच सुरू हुनुभन्दा अगाडि साइनो सम्बन्ध केलाउने र पुस्तादेखि सम्बन्ध नलाग्ने भए मात्र धान नाच्ने गर्दछन् । कथम कदाचित सम्बन्ध लाग्ने व्यक्तिसँग धान नाचिएमा थाहा पाए लगतै एक अर्काले शिर उठाउने कार्य गरिन्छ । यसरी शिर उठाउँदा रक्सीको बोतल राखेर एक आपसमा ढोगेर माफी मागिन्छ । (शेर्मा २०५६, ) धान

नाच्ने तरिका ठाउँ र भूगोल अनुसार फरक फरक पाइन्छ । मूलतःधान नाचमा अपनाइने ढाँचा वा तरिका या शैलीका आधारमा तीन प्रकारका छन् :-

१. कुप्रिङ्गे, २. पेरेम्बे, ३. ताम्राङ्गे

**१. कुप्रिङ्गे**

सम्पूर्ण सहभागी युवायुवतीहरूले एकपछि अर्को क्रममा गोलाकार भइ कदम मिलाएर घूमिघूमि नाँच्ने प्रकृयालाई कुप्रिङ्गे भनिन्छ । कुप्रिङ्गे नाँच्न धेरै जना सहभागी हुनु आवश्यक हुन्छ ठाउँ अनुसार फरक फरक रूपमा उच्चारण हुने यो शब्दलाई आठराई तिरका लिम्बूभाषीहरूले कबःरीङ नाँच पनि भन्ने गर्दछन् ।

**२. पेरेम्बे**

पेरेम्बे नाच धेरै सरल, सजिलो, सानो, साँघुरो ठाउँमा पनि नाच्न सकिन्छ । पेरेम्बे नाचमा एक कदम अघि बढेर फर्किने र फेरी एक कदम अघि गर्दै रीतले दूईतिर फर्कर नाँचिन्छ । यो नाँच धेरै चल्तीमा छ किनकी थोरै व्यक्तिहरूबाट यो नाच्न सकिन्छ । पेरेम्बे नाच पनि ठाउँअनुसार फरक फरक तरिकाले नाँचेको पाइन्छ । यो शब्दलाई आठराईतिरका लिम्बूभाषीहरूले पेरेम नाच पनि भन्ने गर्दछन् ।

**३. ताम्राङ्गे**

छड्के छड्के नाच्दै अन्त्यमा खुट्टा उचाल्दै उही ठाउँमा आइपुगी पुनः खुट्टा उचाली नाचिने नाचलाइ ताम्राङ्गे भनिन्छ । यो नाच अलिक कठिन भएकाले आठराईमा त्यति लोकप्रिय छैन ।

धाननाच पालामको श्लोक संरचनाका सम्बन्धमा सेसेमी सेनाल्बोले उनको पुस्तिका इङजुममा भनेका छन् दूई पाउको अठार अक्षर हुन्छ भने दोश्रो पाउ पनि नौ अक्षरको हुन्छ । दुई पाउको अठार अक्षर हुन्छ भने दुई पाउको एक श्लोक बन्छ । प्रत्येक पाउको अनुप्रास मिलेको हुनुपर्दछ । पालामको पहिलो पाउलाई फेम्वा र दोस्रो पाउलाई कफेःक्वा भनिन्छ । दवै श्लोकलाई काफुङ्गफेःक्वा भनिन्छ ।

**च्याब्रुङनाच**

विशेष गरी अरूण पूर्वका लिम्बूहरूमा प्रचलित च्याब्रुङ नाचलाई केलाङ्ग पनि भनिन्छ । यस नृत्यको सुरूवातका बारेमा लिम्बू समुदायमा एक किम्बदन्ती पाइन्छ, जुन किम्बदन्ती अनुसार अघि एकपटक सोधेङ्गेन लेप्मुहाङ् नामका एक जना व्यक्तिको बाजाइतेन्दु भ्याङनामक छोराले उमेर पुगेपछि विवाहवारी गरेर बुवाआमाबाट छुट्टिएछ र श्रीमतीसँग नयाँ घरमा बस्न लागेछ । तर त्यसको घरको काठ एकवर्ष पनि नवित्तै धमिराले खानाले र पुन : काठ फेर्दा पनि त्यो क्रम दोहोरिने हुँदा त्यसले दिक्क भएर त्यसका बारेमा गाउँको एक जना बूढा मानिसलाई सोधेछ । ती बूढा मानिसले पनि यिनलाई नाम्सानिसा कहाँ गएर हाङ्सी र साङ्सी नामको काठबाट च्याब्रुङ बनाउन लगाउने तथा त्यसलाई घरमा ल्याई हाक्पारे गीत गाउँदै बजाएछन् र धमिराले पनि त्यसै गरेछ र त्यसको घरमा पनि धमिराले खान छाडेछ (पराजुली, २०६३, पृः १११) तसर्थ

लिम्बूहरूले नयाँ घर बनाउँदा तथा अन्य धार्मिक र माङ्गलिक अवसरमा च्याब्रुङ जाउने गरिएको हो भनिन्छ ।

च्याब्रुङ पल्लो किराँत भेगका लिम्बूहरूमा ज्यादा प्रचलनमा छ । यसका लागि एउटा बाँसको पात भएको लिंङ्गो गाड्ने तथा त्यसको वरिपरि स्त्री पुरूष भेला भएर घुमीघुमी नाँच्ने परम्परा पाइन्छ । यस नृत्यमा एक नारी र एक पुरूष गर्दै क्रमिक रूपमा घेरामा पस्दछन् । यसमा हाक्पारे गीत गाउँने र नृत्य गर्ने परम्परा भए पनि हाल भने गीत बिनै च्याब्रुङको तालमा मात्र पनि नाँच्ने चलन चलेको देखिन्छ । यस अवसरमा लगाइने वेशभूषा भने परम्परागत हुने गर्दछन् । च्याब्रुङ नाँचमा गाइने गीत भने पालाम हो । यसै गरी च्याब्रुङ नाचको सुरूवातका सम्बन्धमा अनेक प्रकारका लोकोक्ति र किम्बदन्तीहरू पाइने गर्दछन् तर पनि मुख्यतया नयाँ घर बनाउँदाका अवसरमा यो नाच सुरू गरिएको कुरा भने ज्यादा भरपर्दो छ । (खफुम, आइत, २०७१ पृ.२१) च्याब्रुङ् नाँच पनि ठाउँ अनुसार फरक फरक नाच्ने गरेको पाइन्छ । आठराई र फेदापमा एकै प्रकारको र अन्य पाँचथर, छथर, ताप्लेजुङका बिभिन्न भू-भागमा फरक फरक किसिमले नाच्ने गरेको पाइन्छ । खासगरी नयाँ घर सर्दा र विवाहका अवसरमा यो नाँच नाँचिन्छ ।

## ३. राई सस्कृति (चण्डी नाच)

### चण्डी नाच

"चण्डीनाच नेपालको माझ किराँत भेगमा प्रचलित एउटा परम्परागत लोकनृत्य हो । यस नाचलाई बैशाख शुल्क पूर्णिमा या चण्डीपूर्णिमाका दिन नाच्ने परम्परा छ । विशेष गरी राई समाजमा यस नाचको प्रचलन पाइन्छ । राईहरूले शिवपार्वतीलाई पारूहाङ र सुम्निमा मान्दै तिनीहरूका नाममा यो नृत्य नाँच्ने पनि बताइन्छ (गौतम, २०५३ पृ. ११४) राईहरूको सँस्कृतिमा उभौली र उधौलीपर्व मनाउने प्रचलन आजसम्म जीवित रहेको छ । यसमा चण्डी नाँच भने उभौलीका अवसरमा नाच्ने गरिन्छ । चण्डी नाँचको सुरूवातका सम्बन्धमा प्राप्त एक किम्बदन्ती अनुसार अघि अर्जुनले यसै स्थानमा आएर शिवजीको आरधाना गरेछन् भने शिवजी पनि किराँतका रूपमा एउटा बनेललाई देखाउँदै प्रहार गरेकाले यी दुबैका बीचमा बनेल कसले मारेको हो भन्ने कुरामा विवाद भएछ र पछि उनीहरूको बीचमा युद्ध नै भएछ । तर युद्धमा किराँतले अर्जुनलाई भुँइमा लडाएकाले आफूलाई जित्ने शिवजी नै हुन भनी थाहा पाएर तिनको स्तुति गरेछन् । त्यसबाट प्रसन्न भएर शिवजीले अर्जुनलाई पाशुपतास्त्र दिए भनिएको छ । यसैको सम्झना स्वरूप बैशाख पूर्णिमाका दिन धनुवाण भिरेर चण्डीनाँच नाँच्न लागिएको हो भन्ने विश्वास छ ।

नेपालको राई समुदायमा चण्डीपूजा गरेपछि चण्डीनाँच नाँच्ने चलन छ । राई समुदायमा प्रचलित यो नृत्य सामुहिक रूपमा नाच्ने गरिन्छ । नृत्य गर्ने स्थानमा एउटा खाँवा वा किला गाड्ने त्यसको वरीपरी युवायुवतीहरूउभिएर चण्डी नाच्ने गरिन्छ । नाच स्थानीय बाजाका तालमा नाचिन्छ । यसका लागि गीत पनि गाउने परम्परा पाइन्छ । यसैगरी नर्तक नर्तकीको वेशभूषा पनि परम्परागत हुने गर्दछन् । यसलाई पूर्वी नेपालको ज्यादै महत्वपूर्ण लोक नृत्यका रूपमा लिने गरिएको छ । चण्डी नाच खेतीपाती राम्रो होस् भन्ने उद्देश्यले प्रकृति पूजाका रूपमा नाच्ने मान्यता राखिन्छ यसलाई प्रकृतिको पूजा पनि भनिन्छ । जनता प्रसारण तथा प्रकाशन लि ५३४०, ३४१)

## ४. लामा, शेर्पा, तामाङ गुरूङ्ग र भोटे (ल्होसार पर्व)

लामा बौद्धमार्गीहरूले मनाउने प्रमुख चाड ल्होसार हो । तिब्बती भाषामा ल्होको अर्थ वर्ष र सारको अर्थ नयाँ हुने हुदाँ ल्होसारलाई नयाँ वर्ष प्राम्भ भएको उपलक्ष्यमा मनाइने चाडका रूपमा लिइन्छ तिब्बती पात्रोअनुसार यो पर्व फाल्गुन महिनातिर पर्दछ । यो पर्व नेपालको हिमाली भेगमा लामा बौद्धमार्गीहरूले सामुहिक रूपमा गुम्बामा मनाउने गर्दछन् ।

ल्होसार पर्व, तोला ल्होसार, सोनामल्होसार र ग्याल्पो ल्होसार प्रमुख ल्होसार छन् । तीमध्ये ग्याल्पो ल्होसार फाल्गुण प्रतिपदाबाट सुरू हुने गर्दछ । तोला ल्होसारचाहि मुख्य ल्होसारको तयारी स्वरूप मंसिर, पुष १२ /२१ मा मङ्गोल बादशाह चडेज खाँ ले सुरू गरेको मानिन्छ। उनले तिब्बत विजय गरेपछि नयाँ वर्षको सुरूवात गरेको र त्यसैको खुशियालीमा नयाँ वर्षको रूपमा ल्होसार पर्व मनाउन लागिएको बताइन्छ । पछि लामा बौद्धमार्गीले नेपालमा पनि यो पर्व मनाउने गरेको पाइन्छ । (खतिवडा, २०७४: १०८०)

ल्होसार पर्वका मनाउने बौद्धमार्गीहरू आठराई गाउँपालिकामा पनि रहेका छन् । ल्होसार पर्वका अवसरमा नेपालका लामा बौद्धमार्गीहरू नयाँ कपडा लगाउँने, आफन्तहरूसँग भेटघाट गर्ने, भोज भतेरको आयोजना गर्ने गुम्बा र घरहरूसफा राखी बौद्ध ग्रन्थहरूपाठ गर्ने, बौद्ध देवी देवताको स्तुति गर्ने र मनोरञ्जनसमेत गर्ने गर्दछन् । ल्होसारको पहिलो दिन चोखो पानीले घर र गुम्बाका देवीदेवतालाई चोख्याउने र मीठो खानेकुरा खाने एवं गुम्बामा गएर बुद्धको दर्शन गर्ने चलन छ । ल्होसारको दोस्रो दिन शुभ कामना आदानप्रदान र गुम्बामा पूजाआजा गर्ने गरिन्छ । त्यसै दिन गुम्बामा लामाले विशोष पूजाको व्यवस्था पनि गरेका हुन्छन् । त्यस अवसरमा सर्वसाधारणले गुम्बाका लामालाई दक्षिणा दिने र लामाबाट आशीर्वाद ग्रहण गर्ने गर्दछन् । घर र गुम्बालाई रंङ्गीचङ्गी कपडाले सजाउने तथा सामुहिक नृत्य र गायन गर्ने कुरा ल्होसार पर्व मनाउँदाका सामान्य क्रियाकलाप हुन् । नेपालका शेर्पा, तामाङ गुरूङ्ग र भोटे आदिका साथै बौद्धमार्गी, बौद्धधर्म अवलम्वन गर्ने प्रायः सबै समूहका मानिसहरूले ल्होसार पर्व धुमधामका साथ मनाउने गर्दछन् । तर कतिपय समुदायका व्यक्तिले ल्होसार पर्व पनि अलग अलग दिनमा मनाउने परम्परा पाइन्छ ।

### निष्कर्ष

तेह्रथुम जिल्लाका दुई नगरपालिका र चार गाउँपालिकामध्ये आठराई गाउँपालिका पनि एक हो। कूल १८१५६ जनसङ्ख्या रहेको यस गाउँपालिकामा लिम्बू जातिको बाहुल्यता रहेतापनि अन्य जातिका व्यक्तिहरूको पनि बसोबास पाइन्छ । लिम्बू जातिका संस्कारमध्ये मूख्य रूपमा दुई ओटा संस्कार प्रचलनमा देखिन्छन् । एउटा धान नाच अर्को च्याब्रूङ्ग नाच । धाननाच युवायुवतीको प्रेम गर्ने माध्यमका रूपमा धेरै प्रचलनमा छ भने च्याब्रूङ नाच नयाँ घर बनाउँदा घरका काठमा धमिरा नलागोस् भनेर च्याब्रुङ बजाएर धपाउनका लागि नाचिन्छ । त्यस्तै ब्राम्हण संस्कार अन्तर्गत सङ्गिनी ब्राम्हण महिला दिदीबहिनीले आफ्ना दुःख सुखका बेदना पोख्न गाइन्छ भने बालुन ब्राम्हण समुदायका पुरूष जातिले गाउँछन् यसको मुख्य उदेश्य धार्मिक आस्था जगाउनुका साथै नैतिक चरित्रको निर्माण गर्नु रहेको देखिन्छ । त्यस्तै राई जातिको चण्डी नाचको मूल उदेश्य खेतीपाती राम्रो होस् भनी प्रकृति पूजाका रूपमा नाच्ने मान्यता रहेको पाइन्छ भने शेर्पा, तामाङ गुरूङ र भोटे आदिले ल्होसार पर्व मनाउनुको मूल उद्देश्य नयाँ वर्षको खुशियालीमा एक आपसमा भेटघाटको माध्यम होस् भन्ने लागि तथा खेतीपाती राम्रो होस् भन्ने देखिन्छ ।

समग्रमा आठराई गाउँपालिका विभिन्न संस्कृतिले युक्त ठाउँ हो । यति हुँदाहुँदै पनि यहाँ एउटाको संस्कार माथि अर्को जातिले हस्तक्षेप गरेको पाइदैन बरू एउटा जातिको संस्कृतिलाई अर्को जातिले पनि अनुशरण गरेको देखिन्छ जस्तै लिम्बूहरूले भन्ने सगुने, बुढीबजु, अन्य ब्राम्हण, राई लिम्बू, तामाङ, मगर आदि जातिले पनि अनुशरण गरेको पाइन्छ । यस अर्थमा के भन्न सकिन्छ भने कुनै पनि संस्कृति कुनै एउटा मात्र जातको पेवा हुदैन त्यो त्यस ठाउँमा बस्ने सबै जातको सम्पत्ति हुन्छ । यो कुरा आठराई गाउँपालिका भित्र बस्ने सबै जातजातिमा भेटिन्छ । यसै सन्दर्भमा आठराई गाउँपालिकाका भित्रका विभिन्न जातजातिका प्राचीन संस्कृति पनि पाश्चात्य संस्कृतिको प्रभाव अनि हालका युवा युवतीहरूको अङ्ग्रेजी वा अन्य भाषामा अध्ययन गर्नुपर्ने बाध्यताका कारण यहाँको आफ्नो संस्कृति लोप हुने अवस्थामा रहेको छ । हाम्रा संस्कृति हाम्रा सम्पत्ति भएका कारणले यी संस्कृति जोगाउन स्थानीय पाठ्यक्रममा यी संस्कार संस्कृतिसँग सम्बन्धित पाठ्यविषयलाई सैद्धान्तिक र व्यवहारिक (प्रयोगात्मक ) रूपमा आधारभूत तहदेखि माध्यमिक तहसम्म नै अनिवार्य राखेर विद्यार्थीहरूलाई सिकाउनु पर्ने टड्कारो आवश्यकता छ । यदि यसो नगर्ने हो भने कालन्तरमा यी संस्कार र संस्कृति एकादेशको कथा नहोला भन्न सकिँदैन । यस कारण यसबारेमा सम्बन्धित निकायले बेलैमा चासो देखाउनु आवश्यक छ ।

## सन्दर्भ सूची

कन्दङवा, आशा, (२०७०), *पालाम याः लाक्मा धाननाच केही टिप्पणी, स्मारिका स्वर्णमहोत्सव २०६८,* तेह्रथुम बुहमुखी क्याम्पस ।

खजुम, आइत, (२०७१), *च्याब्रुङ नालीबेली,* विश्व याक्थुङ मुन्धुम मञ्च ।

खतिवडा, सोमप्रसाद, (२०७४), *नेपाली संस्कृति विश्वकोष, चण्डीनाच,* जनता प्रसारण तथा प्रकाशन लि ।

पराजुली, कृष्णप्रसाद, (२०५७), *नेपाली लोकगीतको आलोक*, वीणा प्रकाशन प्रा.लि. ।

पौड्याल, कृष्णविलास, (२०६७), *नेपाली लोक साहित्य पूर्वआधुनिक तथा आधुनिक नेपाली निबन्ध*, नवीन प्रकाशन ।

यङहाङ, नरबहादुर, (२०५३), *पालाम*, अइन्द्रबहादुर वनेम लिम्बू ।

शेर्मा, चन्द्रकुमार, (२०५६), *याः लाक्मा मुन्धुम*, भुपेन्द्र थेपे र उर्मिला थेवे ।

शर्मा, मोहनराज र लुइटेल, खगेन्द्रप्रसाद, (२०६३), *लोक वार्ता विज्ञान र लोक साहित्य*, विद्यार्थी पुस्तक भण्डार ।

सेनाल्बो, सेसेमी, (२०५६), *इङजुम साकेला,* सेनाल्बो ।